मिति २०७६/१२/१५ मा बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठक, बै.सं. ७०/२०७६ का निर्णयहरू:

१. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/५०/२५०-२०७६/१२/१४ को "सेती प्रादेशिक अस्पताल, धनगढीलाई कोरोना भाइरस (COVID-19) रोगको उपचार गर्ने अस्पतालको रुपमा तोक्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

२. माननीय मुख्यमन्त्रीबाट प्रस्तुत भएको विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित मौखिक प्रस्तावहरुका सम्बन्धमा देहाय बमोजिम गर्नेः-

(क) कोरोना भाइरस (COVID-19) रोगको जोखिम नियन्त्रण, उपचार तथा अन्य व्यवस्थापनको सन्दर्भमा एकद्वार प्रणाली मार्फत कानून बमोजिम आर्थिक श्रोतको समुचित व्यवस्थापन र आर्थिक अनुशासन कायम गर्ने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको मातहतमा "कोरोना भाइरस (COVID-19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष" स्थापना गर्ने । सो कोषमा प्रदेश सरकारले रु.४०,००,००,००० (अक्षरेपी चालीस करोड मात्र) उपलब्ध गराउने। साथै, सो कोषमा स्वेच्छिक रुपमा रकम जम्मा गर्न आम नागरिक, नीजि क्षेत्र र अन्य संघ-संस्थाहरुलाई आह्वान गर्ने। प्रचलित कानूनको प्रतिकूल नहुने गरी उक्त कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनार्थ आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्य सञ्चालन मापदण्ड स्वीकृत गरी काम अगाडि बढाउने ।

(ख) कोरोना भाइरस (COVID-19) रोगको नियन्त्रण, उपचार र अन्य व्यवस्थापनको सन्दर्भमा प्रदेशस्तरमा शान्ति सुरक्षा तथा कालोबजारी नियन्त्रणको समन्वय र व्यवस्थापन आन्तरिक मामिला तथा कानून मन्त्रीले, स्वास्थ्य क्षेत्रसँग सम्बन्धित काम कारवाहीहरुको समन्वय र व्यवस्थापन सामाजिक विकास मन्त्रीले, खाद्यान्न तथा इन्धन आपूर्तिको समन्वय र व्यवस्थापन उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रीले, क्वारेन्टाइन स्थलहरुमा पानी, बिजुली, शौचालय, यातायात लगायतका बिषयहरुको समन्वय भौतिक पूर्वाधार विकास मन्त्रीले र आर्थिक अनुशासन कायम हुने गरी आर्थिक श्रोतको समुचित प्रयोगको समन्वय आर्थिक मामिला तथा योजना मन्त्रीले गर्ने ।

(ग) संघीय सरकारबाट जारी गरिएको "कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७६" को प्रभावकारी कार्यान्वयनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयले समन्वयात्मक ढंगले सरोकारवाला सबै निकायहरुलाई परिचालन र सहजीकरण गर्ने।

(घ) सामाजिक विकास मन्त्रालयले सेती प्रादेशिक अस्पतालमा कोरोना भाइरस (COVID-19) समेतको परीक्षण गर्ने गरी प्रयोगशालाको व्यवस्थापन गर्ने ।साथैं डोटी तथा बैतडीको जिल्ला अस्पतालहरुमा समेत अध्ययन सम्भाव्यताका आधारमा प्रयोगशाला स्थापनाको कामलाई अगाडि बढाउने ।

(ङ) यस प्रदेशमा कोरोना भाइरस (COVID-19) रोगको संक्रमण बढ्न सक्ने सम्भावनालाई मध्यनजर गरी सोको नियन्त्रण तथा उपचार व्यवस्थापनमा सहयोग/सहकार्य गर्न नीजि अस्पताल एवं नीजि स्वास्थ्य संस्थाहरुलाई आह्वान गर्ने र सोको समन्वय सामाजिक विकास मन्त्रालयले गर्ने ।

(च) संघ, प्रदेश तथा स्थानीय तहमा निर्वाचित वा मनोनित पदाधिकारी/संघ, प्रदेश र स्थानीय तह अन्तरगतका निकाय, कार्यालय, विद्यालय, प्रतिष्ठान इत्यादिमा कार्यरत एवं सेवानिवृत्त पदाधिकारी र कर्मचारी/प्रचलित कानून बमोजिम दर्ता भएका कम्पनी, फर्म, पसल, संगठित संस्थाका संचालक/बैंक तथा वित्तीय संस्था, नीजि विद्यालय, नीजि प्रतिष्ठानहरुमा संलग्न पदाधिकारी र कर्मचारी एवं निजहरुका एकासगोलका परिवारका सदस्यहरु बाहेकका दैनिक ज्यालादारीमा काम गरी जीविका चलाउनुपर्ने अवस्थामा रही लकडाउनका कारणले दैनिक गुजारा चलाउन समस्यामा परेका नागरिकहरुलाई बिशेष राहत प्याकेज उपलब्ध गराउने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले संघीय सरकार तथा स्थानीय तहसँग समन्वय गरी ठोस कार्ययोजना सहित काम अगाडि बढाउने ।

(छ) हाल देखा परेको कोरोना भाइरस (COVID-19) रोगको नियन्त्रण र अन्य व्यवस्थापनका सन्दर्भमा मितव्ययिता सहित आर्थिक स्रोतको परिचालन र व्यवस्थापन गर्नुपर्ने अवस्थालाई ध्यानमा राखी प्रदेश सरकारको बार्षिक कार्यक्रममा परी सम्पन्न हुन बाँकी रहेका तालिम, गोष्ठी, सेमिनार एवं अन्तरक्रिया लगायतका कार्यक्रमको आवश्यकता तथा औचित्यताको विश्लेषण सहित अनावश्यक खर्च कटौती गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक कदम चाल्ने।

०७६/१२/१५

नि. प्रमुख सचिव